मोहम्मद सद्दाम हुसैन
प्राविधिक अधिकृत

**नेपालमा पाल्नको लागि सिफारिश माछाहरुका नाम**

| | |
|---|---|
| १. कमन कार्प<br>२. सिल्भर कार्प<br>३. बिगहेड कार्प<br>४. ग्रास कार्प | विदेशबाट ल्याइएका माछाको जात |
| ५. रहू<br>६. नैनी<br>७. भाकुर | नेपालका नदीमा पाइने माछाका जात |
| ८. रेन्बो ट्राउट ← | चिसो पानीमा पालिने बिदेशी माछा |

**नेपालमा कृषकहरुले पालन गर्ने गरेका अन्य माछाहरुको नाम**

| | |
|---|---|
| १. टिलापिया<br>२. अफ्रिकन मांगुर<br>३. पुन्टियस<br>४. पंगासियस | बिदेशबाट ल्याइएका माछाका जात |

## विभिन्न माछाहरुको खाने बस्ने बानी

### १. कमन कार्प

- सर्वाहारी
- पोखरीको पिधमा बस्ने
- माटो खोतलेर त्यसमा भएको किराहरु खाने
- दाना पनि खान रुचाउने



चित्रः कमान कार्प

### २. सिल्भर कार्प

- पानीमा भएको फाईटोप्लांगटन खाने गर्दछ
- पोखरीको हरियो पानीमा फाईटोप्लांगटन पाइन्छ
- पोखरीमा फाईटोप्लांगटन उत्पादन गर्न मल हाल्नु पर्दछ
- पोखरीको माथिल्लो सतहमा बस्ने



चित्रः सिल्भर कार्प

### ३. बिगहेड कार्प

- पानीमा भएका जुप्लांगटन खाने गर्दछ
- जुप्लांगटनले फाईटोप्लांगटन खाएर बढ्छ
- पोखरीको पानीको गहिराईको बिच भागमा बस्छ



चित्रः बिगहेड कार्प

## ४. ग्रास कार्प

- यो माछाले पानीमा भएका झारपात र बाहिरबाट दिएका घास खाने गर्दछ
- यसले दाना पनि खान रुचाउछ
- यो माछा पानीको गहिराईको बिच भागमा बस्दछ



चित्रः ग्रास कार्प

## ५. रहू

- सडेगलेका झारपात खाएर बस्ने
- दाना पनि खाएर बढ्न सक्ने
- पानीको गहिराईको बिच भागमा बस्ने



चित्रः रहू

६. नैनी

- सडेगलेका झारपात खाएर बस्ने
- माटोमा भएका कुहिएका पदार्थहरु खाने
- दाना पनि खाएर बढ्न सक्ने



चित्रः नैनी

७. भाकुर

- पानीमा भएका जुप्लांगटन खाने गर्दछ
- जुप्लांगटनले फाईटोप्लांगटन खाएर बढ्छ
- पोखरीको पानीको गहिराईको बिच भागमा बस्छ



चित्रः भाकुर

८. पंगासियस

- यो सर्वहारी र केहि मात्रामा मासाहारी माछा हो
- हावाबाट सास फेर्न सक्ने माछा
- कत्ला नभएको तथा मासुमा मसिनो काडा नभएको
- यसले दाना खाएर प्रति कठा १० क्युन्टल भन्दा बढी उत्पादन दिने



चित्रः पंगासियस

९. रेन्बो ट्राउट

- चिसो पानीमा पालिने माछा
- १४-२० डिग्री सेल्सियस तापक्रममा राम्रो ब्रिधि हुने
- मासाहारी माछा
- महगो दाना खुवाउनु पर्छ
- रु ८०० देखि रु रु १२०० सम्ममा प्रति किलो बिक्रि हुन्छ




चित्रः रेन्बो ट्राउट

१०.अफ्रिकन मांगुर

- यो मासाहारी माछा हो

- यसले हावामा सास फेर्न भएकोले सानो पोखरीमा पनि धेरै संख्यामा पाल्न सकिन्छ



चित्रः अफ्रिकन मांगुर

११.टिलापिया

- ३००-५०० ग्राम भएपछि खानको लागि राम्रो हुन्छ
- यसको मासु भित्र काडा हुदैन
- पोखरीमा आफै बच्चा उत्पादन गर्छ
- सबै किसिमका प्राकृतिक आहारा खान्छ
- दाना पनि राम्रो संग खान्छ



चित्रः टिलापिया

१२.पुन्टियस

- यो नरम' घास र लेउ खाने माछा हो
- यसले दाना पनि खान रुचाउछ



चित्रः पुन्टियस